# सुन्दरहरैंचा राजपत्र

सुन्दरहरैंचा नगरपालिकाद्वारा प्रकाशित

खण्ड-३, सङ्ख्या- ५ सुन्दरहरैंचा राजपत्र, २०७७

भाग-१

# सुन्दरहरैंचा नगरपालिकामा कार्यरत कर्मचारीहरूको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

प्रमाणीकरण मिति : २०७७/११/२६

सुन्दरहरैंचा नगरपालिकाद्वारा प्रकाशित

| खण्ड-३, | सङ्ख्या-५ | सुन्दरहरैंचा राजपत्र | २०७७ |
|---|---|---|---|

भाग-१

# सुन्दरहरैंचा नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

सभाबाट पारित मिति : २०७७/११/१४

राजपत्रमा प्रकाशन मिति : २०७७/११/२८

<u>प्रस्तावना</u>: सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरु समायोजन भई सुन्दरहरैंचा नगरपालिकामा कामकाज गर्न खटिएपश्चात साबिकको स्थानीय सेवामा प्रवेश गरी हालसम्म स्थायी, अस्थायी तथा सेवा करारमा कार्यरत रहेका कर्मचारीहरुको समायोजन नभएको कारण सुन्दरहरैंचा नगरपालिकाको समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको, सम्वत् २०७४ सालदेखि विज्ञापन र बढुवा नहुँदा स्थानीय सेवाका कर्मचारीहरुको बृत्ति विकास अवरुद्ध भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) समेतलाई आधार मानी स्थानीय सेवामा कार्यरत रहेका र अन्य स्थानीय तह (साविक गाउँ विकास समिति/ नगरपालिका/जिल्ला विकास समिति)बाट सरुवा/कामकाजमा खटिइ नगरपालिकामा पदस्थापन भएका कर्मचारीहरुको समायोजन गर्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुन्दरहरैंचा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

<u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "सुन्दरहरैंचा नगरपालिका कार्यरत कर्मचारीहरुको समायोजनसम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कर्मचारी" भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको सुन्दरहरैंचा नगरपालिकाको स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी (अन्य स्थानीय

निकाय साविक गाउँ विकास समिति/ नगरपालिका/ जिल्ला विकास समिति), अस्थायी (अन्य स्थानीय निकाय साविक गाउँ विकास समिति/ नगरपालिका/ जिल्ला विकास समिति) र सेवा करारमा सुन्दरहरैंचा नगरपालिकामा पदस्थापन/नियुक्त भएका यो ऐन जारी हुँदाका बखत स्थानीय सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले सुन्दरहरैंचा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ।

(घ ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ङ) "स्थानीय सेवा" भन्नाले स्थानीय स्वायत शासन ऐन नियमबमोजिम साविक स्थानीय निकाय (गाउँ विकास समिति/ नगरपालिका/ जिल्ला विकास समिति) मा स्थायी तथा सेवा करारमा नियुक्त भइ, लोकसेवा आयोगको विज्ञापनबाट सिफारिस भई सुन्दरहरैंचा नगरपालिकामा नियुक्ती पाएका तथा कामकाजमा खटाई कार्यरत रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ।

(च) "नगरपालिका" भन्नाले सुन्दरहरैंचा नगरपालिकालाई सम्झनु पर्छ।

(छ) "नगर सभा" भन्नाले सुन्दरहरैंचा नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(ज) "नगर प्रमुख" भन्नाले सुन्दरहरैंचा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(झ) "नगर उपप्रमुख" भन्नाले सुन्दरहरैंचा नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्छ।

(ञ) "स्थानीय कानुन" भन्नाले सुन्दरहरैंचा नगरपालिकावाट जारी भएका कानुनलाई सम्झनु पर्छ।

**३.** स्थानीय सेवाका कर्मचारी समायोजन गर्ने: (१) साविकको स्थानीय निकाय (गाउँ विकास समिति/ नगरपालिका/ जिल्ला विकास समिति) मा स्थानीय स्वायत शासन ऐन नियमबमोजिम स्थायी रुपमा नियुक्ति भई नगरपालिकामा सरुवा, पदस्थापन भएका र यो ऐन जारी हुदाँका बखत नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको समायोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम यो ऐन प्रारम्भ हुदा न्यूनतम सेवा अवधि ५ (पाँच) वर्ष पुरा गरेको स्थानीय सेवाका कर्मचारीहरुको समायोजन देहाय वमोजिम हुनेछ :

| क्र. सं. | साविकको तह | समायोजन/तहवृद्धि पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १. | सहायकस्तर द्वितिय | सहायकस्तर तृतिय | सहायक | |
| २. | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | सहायक | |
| ३. | सहायकस्तर चौथो | सहायकस्तर पाचौं | सहायक | |
| ४. | सहायकस्तर पाचौ | अधिकृतस्तर छैठौं | अधिकृत | |
| ५. | अधिकृतस्तर छैठौ | अधिकृतस्तर सातौं | अधिकृत | |
| ६. | अधिकृतस्तर सातौ | अधिकृतस्तर आठौं | अधिकृत | |
| ७. | अधिकृतस्तर आठौ | अधिकृतस्तर नवौं | अधिकृत | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समुह जनाई पदनाम कायम हुनेछ।

(४) सहायक स्तर पहिलो तहका विभिन्न पदमा कार्यरत कर्मचारीको हकमा हालको स्तरमा एक स्तर वृद्धी हुनेछ ।

(५) यस दफा वमोजिम स्थानीय सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(६) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुबिधाहरु प्राप्त गर्नेछन् । गणना हुने

जेष्ठताको आधार लिई समायोजन हुनुपूर्व अवधिको तलब तथा भत्ताहरु दाबी गर्न पाइने छैन ।

(७) यस ऐनबमोजिम स्तर/तह वृद्धिको लागि न्यूनतम सेवा अवधि नपुगी स्तर/तह वृद्धि नभएका स्थानीय सेवाका कर्मचारीहरुलाई दुई ग्रेड थप दिइनेछ ।

४. तह/स्तर मिलानसम्बन्धी विशेष व्यवस्था : (क)स्थानीय स्वायत शासन ऐन नियमको अधिनमा वा वि.सं. २०७४ सालभन्दा अगाडि सेवा करारमा लिइ अविछिन्न रुपमा नगरपालिकामा कार्यरत रहेका कर्मचारीहरुको कार्यलयले आवश्यकता पहिचान गरी कार्यालयको सिफारिसमा नगर सभाबाट दफा ३(२) बमोजिमको साविक पदका कर्मचारीहरुलाइ माथिल्लो पद (स्तर/तहवृद्धि पश्चात कायम हुने तह) मा सेवा करारमा मुकरर गरी सेवालाइ निरन्तरता दिइनेछ ।

(ख) यस ऐन प्रारम्भ भए पश्चात नगरपालिकालाई नेपाल सरकारद्वारा लागु गरीएको सामाजिक सुरक्षा कोषमा सूचिकृत/आवद्ध गरी यस नगरपालिकामा कार्यरत सेवा करार, अस्थायी तथा दैनीक ज्यालादारीका सम्पूर्ण कर्मचारीहरुको तलबमानबाट प्रचलित ऐनबमोजिम कट्टा गरी नगरपालिकाले थप गर्नुपर्ने रकम थप गरी ऐनबमोजिम जम्मा गरिनेछ । साथै, स्थानीय सेवाका कर्मचारीहरु लाई नेपाल सरकारले तोके बमोजिमको महंगी भत्ता उपलव्ध गराइनेछ ।

(ग) स्थानीय सेवाका कर्मचारीहरुको सेवा अवधिको आधारमा बढिमा रु.१००००००० (दश लाख) सम्मको जीवन विमा गरिनेछ।

५. <u>समायोजनको पत्र दिने:</u> (१) यस ऐन वमोजिम समायोजन भएपश्चात स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको सातदिन भित्र समायोजन पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम दिइने पत्र अनुसूची-१ वमोजिमको हुनेछ ।

६. <u>पदस्थापन गरिने :</u> यस ऐन वमोजिम समायोजन भएपश्चात नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी पुनरावलोकनले निर्धारण गरेवमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।

७. <u>समायोजन/तहवृद्धि भएका कर्मचारीहरुको सेवा सुविधा:</u> यस ऐन वमोजिम समायोजन/तहवृद्धि भएका स्थानीय सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा स्थानीय कानुनले तोकेवमोजिम हुनेछ ।

८. पुल दरवन्दी सम्वन्धी व्यवस्थाः दफा ३ वमोजिम समायोजन भएका स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिने छ। यसरी समायोजन भइ पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपूर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन।

९. जेष्ठताको गणनाः (१) यस ऐन वमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनुपुर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिनेछ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुविधा भने यो ऐन जारी भएपश्चात मात्र लागु हुनेछ।

१०. आवश्यक व्यवस्था मिलाउनेः यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिका (नगर प्रमुख) ले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

अनुसूची १

दफा ४ को उपदफा (२) सँग सम्वन्धित

समायोजन पत्र

पत्र सख्या :
चलानी न.

मिति..................

श्री ................. .......................
कर्मचारी संकेत नम्बर/मोवाइल नं.

विषय: समायोजन गरिएको सम्वन्धमा ।

कर्मचारी समायोजन ऐन, २०७५, सुन्दरहरैंचा नगरपालिका कर्मचारी समायोजन ऐन, २०७७ बमोजिम ................................ देखि जेष्ठता गणना हुने गरी तपाईलाई सुन्दरहरैंचा नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ ।

| साविकको विवरण | समायोजन पछिको विवरण |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समुह : | पद :<br>तह :<br>सेवा :<br>समुह : |

..............................
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ:
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, १ नं. प्रदेश, विराटनगर, मोरङ ।
श्री प्रदेश लोकसेवा आयोग, १ नं. प्रदेश, विराटनगर, मोरङ ।
श्री कर्मचारी संचय कोष, ठमेल ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।
श्री आर्थिक प्रशासन शाखा, सुन्दरहरैंचा नगरपालिका ।

आज्ञाले

गोपालप्रसाद रेग्मी

प्रमुख प्रशासकीय अधिकृत